प्रदेश सरकार
भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

मितिः २०७७/१०/०९

## ब्लक कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वानको सूचना

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषि समूह/सहकारी/समिति/फार्म/उद्यमी/जल/वन उपभोक्ता समिति/कम्पनिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात (मिति २०७७/१०/२३) भित्र यस कार्यालयमा तोकिएको ढाँचा *(अनुसूची-१०, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७)* अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिलः

क। ब्लक कार्यक्षेत्रहरुः मकवानपुर गढी गाउँपालिका र भीमफेदी गाउँपालिका

ख। कार्यक्रमहरुः

गाई ब्लक कार्यक्रमः मकवानपुर गढी गाउँपालिका वडा नं. ३ र ४

बाख्रा ब्लक कार्यक्रमः भीमफेदी गाउँपालिका वडा नं. ८

सुशील के. सी.
वरिष्ठ पशु विकास अधिकृत

आवेदनका लागि आवश्यक कागजातहरु;

१। प्रधानमन्त्री कृषि आधुनिकीकरण म्यानुअल, २०७७ को अनुसूची १० अनुसारको निवेदन ।
२। सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपि ।
३। कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतापत्र ।
४। निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
५। कार्यसमितिको निर्णय प्रतिलिपि ।
६। विस्तृत कार्ययोजना, डिजाइन तथा लागत अनुमान ।
७। सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
८। कार्यक्रम कहाँ कुन व्यक्तिले गर्ने हो सो को विस्तृत विवरण ।

थप जानकारीको लागि : कार्यालयको फोन नं. ०५७-४१२८२८ मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै **प्रधानमन्त्री कृषि आधुनिकीकरण म्यानुअल, २०७७** pmamp.gov.np वा vhalecmak.bagamati.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

फोन नं.:०५७-४१२८२८, ०५७४१२५७१ फ्याक्स:०५७-४१२५७१, ईमेल: vhospitalmak@gmail.com